## विहादी गाउँ कार्यपालिकाको २०८२ साल चैत्र ९ गतेको निर्णय प्रमाणित:

### निर्णय नं. १:

गण्डकी प्रदेश नीति तथा योजना आयोग, गण्डकी प्रदेश, पोखराको च.नं. १९०, मिति २०८२।१२।०४ को विशेष र समपूरक अनुदान अन्तर्गतका आयोजना तथा कार्यक्रमको प्रस्ताव पेश गर्ने सम्बन्धी पत्रानुसार आर्थिक वर्ष २०८३।८४ को लागि यस विहादी गाउँपालिकाका विशेष र समपूरक अनुदान अन्तर्गतका आयोजना तथा कार्यक्रमको देहाय बमोजिमको प्राथमिकता निर्धारण गरि आयोजना तथा कार्यक्रम माग गर्ने निर्णय गरियो ।

क. विशेष अनुदान :

| प्राथमिकता क्रम | योजनाको नाम | ठेगाना |
|---|---|---|
| १ | शैक्षिक गुणस्तर अभिवृद्धि तथा प्रविधिमैत्री विद्यालय निर्माण | विहादी गा.पा. |
| २ | स्वास्थ्य चौकीहरुमा ल्याब व्यवस्थापन | विहादी गा.पा. |
| ३ | माझगाउँ एकीकृत बस्ती विकास | विहादी ६ |

ख. समपूरक अनुदान :

| प्राथमिकता क्रम | योजनाको नाम | ठेगाना |
|---|---|---|
| १ | चिस्यान केन्द्र निर्माण | विहादी १ र विहादी ५ |
| २ | विपन्न, दलित र सीमान्तकृत समूदायमा शौचालय निर्माण | विहादी गा.पा. |
| ३ | ठाँटी - सुनपोखरी - वहाकी मा.वि. – हनुमानडाँडा - लामगरा सडक स्तरोन्नति | विहादी ४ र विहादी ६ |

### निर्णय नं. २:

विहादी गाउँपालिकाबाट आर्थिक वर्ष २०८२।८३ मा विभिन्न शिर्षकमा विनियोजित बजेट रकमबाट देहाय बमोजिमका व्यक्ति/संघ/ संस्था/ समूह/ क्लवलाई देहाय बमोजिमको रकम उपलब्ध गराउने निर्णय गरियो ।

| क्र.सं. | बजेट शिर्षक | रकम उपलब्ध गराउने व्यक्ति/ संघ/ संस्था/ समूह/ क्लव | उपलब्ध गराउने रकम | कैफियत |
|---|---|---|---|---|
| १. | कला संस्कृति संरक्षण (आदीवासी जनजाति) (क्र.सं ४८) | बाच्छा तमु समाज, विहादी १ | ५०,०००।- | |
| | | झरना आमा समूह मिस्लाङ, विहादी ६ | ५०,०००।- | |
| | | लौके चिहानडाँडामा ट्रस निर्माण | प्राविधिक मुल्याँकन बमोजिम | |
| २. | सवारी मर्मत | जिल्ला ट्राफिक प्रहरी कार्यालयको सवारी मर्मत वापतको भुक्तानी | १९,७६४।- | |
| ३. | सवारी मर्मत | इलाका प्रहरी कार्यालयको सवारी मर्मत वापतको रकम भुक्तानी | २५,०००।- | |
| ४. | मागमा आधारित विविध कार्यक्रम | रानीपानी आ.वि. वार्षिकोत्सव कार्यक्रम | ३०,०००।- | उपाध्यक्ष ज्यू |
| ५. | विपद् व्यवस्थापन | विहादी ४ लौके निवासी विजय कुमार गुरुङको आगलागीबाट गोठ नष्ठ वापतको सहायता | २५,०००।- | |
| ६. | आर्थिक सहायता | विहादी ४ निवासी खिना भुसाललाई आर्थिक सहायता | १५,०००।- | |

| | | | | |
|---|---|---|---|---|
| ७. | आर्थिक सहायता | विहादी ५ निवासी दिल बहादुर थापालाई हर्निया रोगको उपचार खर्च | ३५,०००।- | |
| ८. | आर्थिक सहायता | विहादी २ निवासी लोक बहादुर नेपालीलाई आर्थिक सहायता | १५,०००।- | |
| ९. | आर्थिक सहायता | पर्वत मोदीकाली ब्याडमिन्टन संघ, कुश्मा | २५,०००।- | |
| १०. | विहादी गा.पा. वडा नं. २ को खेलकुद कार्यक्रम | शितल चौतारी युवा क्लव, विहादी २ | ४०,०००।- | |
| | | शुभकामना युवा क्लव, विहादी २ | ४०,०००।- | |
| | | कालिगण्डकी युवा क्लव, विहादी २ | ४०,०००।- | |
| ११. | विहादी गा.पा. वडा नं. ५ को धार्मिक स्थलमा पुजा सामाग्री वितरण | कालिकाकोट मन्दिर पुजा व्यवस्थापन विहादी ५ | २०,०००।- | |
| | | गौरादेवि मन्दिर पुजा व्यवस्थापन विहादी ५ | २०,०००।- | |
| | | शिवपुरी मन्दिर पुजा व्यवस्थापन विहादी ५ | ५,०००।- | |
| | | शिवमन्दिर दोबाटो पुजा व्यवस्थापन विहादी ५ | ५,०००।- | |
| | | शिवमन्दिर खोर पोखरा पुजा व्यवस्थापन | ५,०००।- | |
| १२ | विहादी गा. पा. वडा नं. ५ को आमा समूह कार्यक्रम सञ्चालन तथा अन्य खर्च | कालिका आमा समूह विहादी ५ | १९,५००।- | |
| | | प्रगति आमा समूह विहादी ५ | १९,५००।- | |
| | | जुनेली आमा समूह, विहादी ५ | १०,९५५।- | |
| १३ | विहादी गा. पा. वडा नं. ५ को क्लव कार्यक्रम सञ्चालन तथा अन्य खर्च | सुर्योदय युवा क्लव विहादी ५ | २०,०००।- | |
| | | तुफान बाल क्लव विहादी ५ | १५,०००।- | |
| | | देउराली युवा क्लव विहादी ५ | १५,०००।- | |

**निर्णय नं. ३:**

विहादी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय तथा मातहतका वडा कार्यालय र स्वास्थ्य संस्थाहरुको स्थानीय सेवाको दरबन्दीमा पुनरावलोकन तथा हेरफेर गर्नुपर्ने भएकोले यस विहादी गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M) गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४:**

विहादी गाउँपालिकाको आवधिक योजनाको प्रारम्भिक मस्यौदाउपर छलफल गर्नुपर्ने भएकोले मिति २०८२ साल चैत्र १८ गते बुधवार गाउँपालिकाको सभाहलमा छलफल कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५:**

स्थानीय तहको सुशासन तथा संस्थागत सुदृढीकरण, वित्तीय व्यवस्थापन, सेवा प्रवाह र आर्थिक-सामाजिक विकासमा प्राप्त उपलब्धिको मूल्याङ्कन गरी निरन्तर सुधारका लागि सहयोग र सहजीकरण गर्नका लागि कार्यान्वयनमा रहेको स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन प्रणाली (LGPAS) मा यस विहादी गाउँपालिकाबाट शाखागत रुपमा प्रविष्टी भई प्राप्त भएको एकीकृत प्रारम्भिक प्रतिवेदन (मूल्याङ्कन अंक ७७.५ सहित) पृष्ठपोषणका लागि जिल्ला समन्वय समिति पठाउने निर्णय गरियो ।

थमन बहादुर रेश्मी
प्रमुख प्रशासकीय अधिकृत
प्रमाणिकरण मिति: २०८२।११।२८

विहादी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय
वहाकीठाँटी, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७३